आकाशवाणी

११.०३.२०२६

प्रमुख समाचार.......

1. प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ तमिलनाडुको तिरुचिरापल्लीमा विभिन्न परियोजनाहरूको उद्घाटन र लगभग 5,650 करोड रुपैयाँ बराबरको विकास परियोजनाहरूको शिलान्यास गर्नुभयो।

2. प्रधानमन्त्रीले आज केरलको एर्नाकुलममा लगभग 11 हजार करोड रुपैयाँ बराबरका धेरै विकास परियोजनाहरूको थालनी गर्नुभयो।

3. लोकसभाले आज सभामुख ओम बिर्लालाई हटाउने विपक्षको प्रस्तावलाई ध्वनिमतले अस्वीकार गर्यो।

4. राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा जारी जल महोत्सव २०२६ को एक भागको रूपमा एक राष्ट्रिय कार्यक्रमलाई सम्बोधन गर्दै पानी संरक्षण प्रत्येक नागरिकको कर्तव्य हो भन्ने कुरामा जोड दिनुभयो।

5. विश्व एथलेटिक्स ग्राँ प्री 2026 आज नयाँ दिल्लीमा शुरू भयो र यो महिनाको 13 मार्च सम्म जारी रहनेछ।

---------

प्रधानमन्त्री-तिरुचिरापल्ली भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ तमिलनाडुको तिरुचिरापल्लीमा विभिन्न परियोजनाहरूको उद्घाटन गर्नुभयो र लगभग 5,650 करोड रुपैयाँ बराबरको विकास परियोजनाहरूको शिलान्यास गर्नुभयो। प्रधानमन्त्रीले दुई अमृत भारत एक्सप्रेस रेल, दुई नियमित एक्सप्रेस रेल र एउटा यात्रु रेल सहित पाँच नयाँ रेल सेवाहरूको उद्घाटन गर्नुभयो। उहाँले निलगिरि र इरोड जिल्लाहरूमा भारत पेट्रोलियम कर्पोरेशन लिमिटेडको सिटी ग्यास वितरण नेटवर्कको लागि 3,680 करोड रुपैयाँभन्दा बढीको अनुमानित लगानीमा शिलान्यास गर्नुभयो।

उहाँले चेन्नईको मनालीमा 1,490 करोड रुपैयाँको लगानीमा प्रतिवर्ष 672 हजार मेट्रिक टन क्षमता भएको इन्डियन आयल कर्पोरेशन ल्युब ब्लेन्डिङ प्लान्ट पनि समर्पित गर्नुभयो। प्रधानमन्त्री ग्राम सडक योजना अन्तर्गत, श्री मोदीले तमिलनाडुभरि 370 किलोमिटर लम्बाइका 89 ग्रामीण सडकहरूको पनि उद्घाटन गर्नुभयो।

प्रधानमन्त्री कोची भ्रमण

यस अघि प्रधानमन्त्री नरेन्द्र मोदीले केरलमको कोचीमा मोदीसँग राष्ट्रीय जनतांत्रिक गठबंधनको बैठकलाई सम्बोधन गर्नुभयो । उहाँले केरलको भौगोलिक स्थिति, हावापानी र प्राविधिक रूपमा उन्नत अवस्थाले यसलाई विवाह र सम्मेलनहरूको लागि उपयुक्त गन्तव्य बनाएको बताउनुभयो। प्रधानमन्त्रीले पर्यटन, प्रतिभा र प्रविधिको क्षेत्रमा नयाँ अवसरहरू दिइनेछ, भन्नुभयो। श्री मोदीले पश्चिम एशियामा भारतीयहरूको सुरक्षा सुनिश्चित गरिने आश्वासन पनि दिनुभयो । उहाँले भन्नुभयो, सौर्य परियोजनाहरू र विद्युतीय सवारी साधनहरूले ऊर्जा क्षेत्रमा अरुमाथिको निर्भरता कम गर्न मद्दत गर्छन्। अब केरललाई केरलम भनिनेछ भन्ने कुरा उल्लेख गर्दै प्रधानमन्त्रीले यो महत्त्वपूर्ण निर्णय लिन पाउँदा खुशी व्यक्त गर्नुभयो।

प्रधानमन्त्री एर्नाकुलम

श्री मोदीले आज केरलको एर्नाकुलममा लगभग 11 हजार करोड रुपैयाँ बराबरका धेरै विकास परियोजनाहरूको थालनी गर्नुभयो। श्री मोदीले भारत पेट्रोलियम निगम लिमिटेड (BPCL) को कोची रिफाइनरीमा पोलिप्रोपाइलिन एकाईको शिलान्यास गर्नुभयो । यस परियोजनामा पांच हजार पांच सय करोड़ रुपियाँ भन्दा बढीको लगानी गरिएको छ र यस युनिटको क्षमता प्रतिवर्ष 400 किलो टन छ।

पोलिप्रोपाइलिन प्याकेजिङ, अटोमोटिभ घटकहरु, चिकित्सा उपकरण, कपडा र घरायसी उत्पादनहरूमा प्रयोग हुने अत्यावश्यक सामग्री हो।

सडक पूर्वाधार क्षेत्रमा, प्रधानमन्त्रीले दुई प्रमुख राजमार्ग परियोजनाहरूको उद्घाटन गर्नुभयो जसमा पहिलो दुइ हजार छ सय पचास करोड रुपैयाँभन्दा बढीको लागतमा निर्मित राष्ट्रीय राजमार्ग 66 को थालापडी-चेङ्गला खण्डको छह लेनको निर्माण हो भने, दोस्रो परियोजना लगभग 2,140 करोड रुपैयाँको लागतमा निर्माण गरिएको कोझिकोड बाइपासको वेंगलमदेखि रामानटुकारासम्मको छ लेनको निर्माण हो।

श्री मोदीले एर्नाकुलममा एक ऱ्यालीलाई सम्बोधन गर्नुभयो ।

## LS - प्रस्ताव ओम बिर्ला

लोकसभाले आज सभामुख ओम बिर्लालाई हटाउने विपक्षको प्रस्तावलाई ध्वनिमतले अस्वीकार गर्यो।

सदनमा भएको छलफलको जवाफ दिँदै वरिष्ठ भाजपा नेता तथा गृहमन्त्री अमित शाहले भन्नुभयो, विपक्षले सभामुखको निष्ठामाथि प्रश्न उठाउनु दुर्भाग्यपूर्ण छ।

श्री शाहले भन्नुभयो, सदनको कार्यवाही पारस्परिक विश्वास र नियमहरूको आधारमा सञ्चालन हुन्छ।

जल शक्ति राष्ट्रपति

राष्ट्रपति द्रौपदी मुर्मुले आज पानी संरक्षण प्रत्येक नागरिकको कर्तव्य हो भन्ने कुरामा जोड दिनुभयो। नयाँ दिल्लीमा जारी जल महोत्सव २०२६ को एक भागको रूपमा एक राष्ट्रिय कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपतिले, पानीलाई अमूल्य खजानाको रूपमा व्यवहार गर्न राष्ट्रलाई आग्रह गर्नुभयो, जुन आउने पुस्ताहरूका लागि संरक्षण गरिनुपर्छ।

राष्ट्रपतिले नल जल मित्र कार्यक्रम अन्तर्गत, ग्रामीण युवा र स्व-सहायता समूहका महिलाहरूलाई पानी आपूर्ति प्रणालीको सञ्चालन र मर्मतसम्भारमा सक्रिय साझेदार बनाउन तालिम दिइँदैछ भनी बताउनुभयो। राष्ट्रपति मुर्मुले, यो पहलले पानी संरक्षणमा मात्र योगदान पुऱ्याउँदैन तर ग्रामीण क्षेत्रमा अर्थपूर्ण रोजगारीका अवसरहरू पनि सिर्जना गरिरहेको छ, भन्नुभयो ।

जल महोत्सव 2026, 8 मार्चमा देशभर जल अर्पणको उत्सवसँगै सुरु भयो र 22 मार्च 2026 सम्म जारी रहनेछ।

पश्चिम एशिया

पेट्रोलियन तथा प्राकृतिक ग्यास पेट्रोलियम मन्त्रालयकी संयुत्त सचिव सुजाता शर्माले भारतको कच्चा तेल आपूर्ति सुरक्षित रहेको र देशको लगभग 70 प्रतिशत कच्चा तेल आयात अहिले स्ट्रेट अफ होर्मुज बाहिरबाट भइरहेको बताएकी छिन् । नयाँ दिल्लीमा पश्चिम एसियामा हालैका घटनाक्रमहरूको बारेमा अन्तर-मन्त्रीस्तरीय ब्रीफिंगलाई सम्बोधन गर्दै उनले भनिन् कि

सरकारले सुरक्षित गरेको कच्चा तेलको मात्रा सामान्यतया स्ट्रेट अफ होर्मुजबाट आउने भन्दा बढी छ।

एस जयशंकर - पश्चिम एशिया

विदेशमन्त्री डा. एस जयशंकरले आज आफ्ना फ्रान्सेली समकक्षी Jean-Noël Barrot सँग पश्चिम एशिया संघर्षबारे विचार-विमर्श गर्नुभयो ।डा. जयशंकरले सामाजिक सञ्जाल पोस्टमा यो कुरा साझा गर्नुभयो ।

दिल्ली - उपराज्यपालको शपथ ग्रहण

तरनजित सिंह सन्धुले आज दिल्लीको २३ औं उपराज्यपालको रूपमा शपथ ग्रहण गर्नुभयो। नयाँ दिल्लीको लोक निवासमा आयोजित एक समारोहमा दिल्ली उच्च अदालतका मुख्य न्यायाधीश देवेन्द्र कुमार उपाध्यायले उहाँलाई शपथ ग्रहण गराए।

पारा एथलेटिक्स

विश्व एथलेटिक्स ग्राँ प्री 2026 आज नयाँ दिल्लीमा शुरू भयो र यो महिनाको 13 तारिखसम्म जारी रहनेछ। पेरिस 2024 का स्वर्ण पदक विजेता सुमित एन्टिल, प्रवीण कुमार र मरियाप्पन थाङ्गावेलु लगायत भारतका शीर्ष प्यारा-एथलीटहरूले यस कार्यक्रममा भाग लिने अपेक्षा गरिएको छ। तीन दिने कार्यक्रमले विभिन्न श्रेणीहरूमा खेलाडीहरूको लागि 74 अन्तर्राष्ट्रिय वर्गीकरण स्लटहरू प्रदान गर्नेछ। भारत, रूस, नेपाल, भुटान, हङकङ, सर्बिया, बोस्निया र इजिप्टका आठ राष्ट्रका खेलाडीहरूले प्रतियोगितामा भाग लिइरहेका छन् ।

1. प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ तमिलनाडुको तिरुचिरापल्लीमा विभिन्न परियोजनाहरूको उद्घाटन र लगभग 5,650 करोड रुपैयाँ बराबरको विकास परियोजनाहरूको शिलान्यास गर्नुभयो।

2. प्रधानमन्त्रीले आज केरलको एर्नाकुलममा लगभग 11 हजार करोड रुपैयाँ बराबरका धेरै विकास परियोजनाहरूको थालनी गर्नुभयो।

3. लोकसभाले आज सभामुख ओम बिर्लालाई हटाउने विपक्षको प्रस्तावलाई ध्वनिमतले अस्वीकार गर्यो।

4. राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा जारी जल महोत्सव २०२६ को एक भागको रूपमा एक राष्ट्रिय कार्यक्रमलाई सम्बोधन गर्दै पानी संरक्षण प्रत्येक नागरिकको कर्तव्य हो भन्ने कुरामा जोड दिनुभयो।

5. विश्व एथलेटिक्स ग्राँ प्री 2026 आज नयाँ दिल्लीमा शुरू भयो र यो महिनाको 13 मार्च सम्म जारी रहनेछ।